# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)


च.न. : १३७५

प.लि.नं. ८०७/०५८/५९
केन्द्रिय कार्यालय, काठमाडौं
मिति : २०७७/१२/१८

श्री नेपाल स्टक एक्सचेन्ज लि. सिंहदरबारप्लाजा, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।
श्री सि.डि.एस. एण्ड क्लिएरिङ्ग लि. पुतलीसडक, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं ।

**विषय : १९ औं वार्षिक साधारण सभाको निर्णयको विवरणको सम्बन्धमा ।**

महोदय,

यस स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. को संञ्चालक समितिको १९ औं वार्षिक साधारण सभा मिति २०७७/१२/११ गते बिहानको ११:०० बजे सम्पन्न भएको हुँदा उक्त साधारण सभामाको विवरण जानकारीको लागी यो पत्रको साथ संलग्न गरी पेश गरिएको छ। साथै उक्त सभाबाट सर्वसाधारण शेयरधनीका तर्फबाट राम प्रसाद पाण्डे ज्यूलाई संचालक नियुक्त गर्ने निर्णय सर्वसम्मत पारित गरिएको जानकारी गराउन चाहन्छु ।

भवदीय,

.......................
अवधेश प्रसाद पन्त
कम्पनी सचिव


साविक नामः स्वावलम्बन लघुवित्त विकास बैंक लि.

केन्द्रीय कार्यालयः बालुवाटार, काठमाडौं, पोष्ट बक्स नं. १९२४६ फोन ०१-४४३४९२१/२२ फयाक्सः ०१-४४४१५२५
Central Office: Baluwatar, Kathmandu POB 19246 Tel-1-4434921/22 Fax: 01-4441525
E-mail: info@ swbbl.com.np / Web Site: www.swbbl.com.np

यस स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.को १९ औं वार्षिक साधारण सभामा निम्न प्रस्तावहरु पेश भई छलफल पश्चात प्रस्ताव स्विकृत गर्ने निर्णय सभाबाट सर्वसम्मत पारित गरियो ।

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७६/७७ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

३. आ.व. २०७६/७७ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजीको १.०००२९७०९३ % ले हुन आउने रकम रु. ७९,२६,३४८/- नगद लाभांश (बोनस शेयर र नगद लाभांशको कर सहित) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
*एस.आर.पाण्डे एण्ड कम्पनीको पुन: नियुक्ति गर्ने निर्णय सर्वसम्मत पारित भएको ।*

**ख) विशेष प्रस्ताव**

१. यस संस्थाको रजिष्टर्ड कार्यालयको ठेगाना बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बाट स्थानान्तरण गरी बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३० कायम गर्ने ।

२. नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७६/७७ सम्मको मुनाफाबाट चुक्ता पूँजीको १९.००५६४५२६% ले हुने रकम रु. १५,०६,००,६१६/- बराबर बोनस शेयरलाई शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

३. हालको जारी तथा चुक्ता पूँजी रु. रु. ७९,२३,९९,३८४/- मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरी जारी तथा चुक्ता पूँजी रु. रु. ९४,३०,००,०००/- कायम गर्ने ।

४. प्रबन्धपत्रको दफा २, ५(ख), ५(ग) तथा नियमावलीको नियम २ संशोधन गर्ने ।

५. प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

६. यस वित्तिय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisision) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**ग) विविध ।**

**घ)** सर्वसाधारण तर्फको संचालक पद संख्या १ मा पूर्ण अवधिको लागि संचालक नियुक्त गर्ने ।

*सर्वसाधारण शेयरधनीका तर्फबाट राम प्रसाद पाण्डे ज्यूलाई संचालक नियुक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।*


केन्द्रीय कार्यालय: बालुवाटार, काठमाडौं, पोष्ट बक्स नं. १९२४६ फोन ०१-४४३४९२१/२२ फयाक्स: ०१-४४४१५२५
Central Office: Baluwatar, Kathmandu POB 19246 Tel-1-4434921/22 Fax: 01-4441525
E-mail: info@ swbbl.com.np / Web Site: www.swbbl.com.np